"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"
# पाँचखाल नगरपालिका
# Panchkhal Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
पाँचखाल, काभ्रेपलान्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प.सं./FY ०८१/८२
च.नं./Ref. No.:

मिति: २०८१/१२/०४
ने सं ११४५ चिल्लागा तृतीया

## सूचना ! सूचना !! सूचना !!!

विषयः बायोमेट्रिक भेरिफिकेसन (Biometric Verification) गर्ने सम्बन्धमा ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.नं. ३८५ मिति २०८१/०१/२४ गतेको पत्रानुसार मिति २०८१/१०/०१ गते देखी यस पाँचखाल नगरपालिका भित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नयाँ दर्ता तथा नविकरण गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य भएकोले यस पाँचखाल नगरपालिका स्थायी ठेगाना भएका हालसम्म राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification नगर्नु भएका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले राष्ट्रिय परिचयपत्र आवेदन फारम सहित यथासिघ्र आफ्नो सम्बन्धित वडा कार्यालयमा गई राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

राष्ट्रिय परिचयपत्रको लागि आवेदन फारम नभरेका सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले जिल्ला प्रशासन कार्यालय धुलिखेलमा सम्पर्क राखी यथाशिघ्र राष्ट्रिय परिचयपत्रको लागि आवेदन दिई राष्ट्रिय परिचयपत्र नं प्राप्त गर्नुहुन समेत जानकारी गराइन्छ । राष्ट्रिय परिचयपत्रमा आधारित जैविक विवरण प्रमाणित (Biometric Verification) नभएमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नसकिने सम्बन्धित सबैमा सूचित गरिन्छ ।

*पुनश्चः नेपाल सरकारको मिति २०८१/०३/१० मा राष्ट्रिय परिचयपत्रलाई विभिन्न सेवासँग आवद्ध गर्ने सम्बन्धी राजपत्रमा प्रकाशित सूचना अनुसार बालवालिका, पूर्ण अपाङ्गता भएका व्यक्ति, वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनी सेवा लिन बाधा नपर्ने जानकारी गराइन्छ।*

२०८१/१२/०४
............................
उदय प्रसाद कोइराला
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

ईमेल E-mail: panchkhal.municipality@gmail.com | info@panchkhalmun.gov.np | वेबसाईट/Website: http://panchkhalmun.gov.np